# मिति २०७५/१०/१७ गते बसेको सचिव बैठकका निर्णयहरु

| सि. नं. | निर्णयको व्यहोरा | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमनकारी निकाय | समय |
|---|---|---|---|---|---|
| १. | वर्तमान सरकार गठन भएको १ वर्ष पुग्ने सन्दर्भमा वार्षिक प्रतिवेदन तयार गर्न सचिवको नेतृत्वमा सहसचिव, विभागीय प्रमुख, सम्बन्धित कार्यालय प्रमुख र अन्य कर्मचारी समेत सक्रियतापूर्वक संलग्न भई पूर्व स्वीकृत कार्ययोजना बमोजिम तथ्य, तथ्यांक र निष्कर्षमा आधारित कार्य प्रगति तयार गरी सोको Hard Copy र Soft Copy प्र.म. तथा म.प. को का., राष्ट्रिय सुरक्षा, सुशासन तथा नतिजा व्यवस्थापन हेर्ने सचिव कहाँ पठाउने । | सबै मन्त्रालय/ सचिवालय/आयोग/ कार्यालय/केन्द्र | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५।१०।२० गतेसम्म |
| २. | कर्मचारी समायोजनका सम्बन्धमा देखिएका व्यवहारिक/कानूनी समस्या सम्बन्धित निकायसँग समन्वय गरी समाधान गर्ने । | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सबै मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालय/केन्द्र | " " | २०७५।१०।२५ गतेसम्म |
| ३. | शान्ति सुरक्षा तथा अमनचयनमा नकारात्मक असर पार्नसक्ने गतिविधिहरूलाई सबै नियकाहरूले गम्भिरतापूर्वक ध्यान दिई तिनलाई नियन्त्रण गर्न तत्काल कदम चाल्ने, आपसी समन्वयमा ध्यान दिने । | गृह मन्त्रालय | " " | " " | निरन्तर |
| ४. | संविधान कार्यान्वयनका लागि बनाउन बाँकी रहेका सबै कानूनहरु सम्बन्धित निकायहरुसँगको समन्वय र सहभागितामा समयसिमाभित्र बनाई सम्बन्धित निकायमा पेश गर्ने। | कानून, न्याय तथा सं. मामिला मन्त्रालय | " " | " " | तत्काल |
| ५ | अग्रभागका निकायहरुबाट निर्वाध सेवा प्रवाह हुने गरी जनशक्ति, कार्यालय व्यवस्थापन एवं सुरक्षा प्रवन्ध गर्ने/गराउने । | सबै मन्त्रालय/ सचिवालय/ आयोग/कार्यालय/केन्द्र | गृह मन्त्रालय | " " | तत्काल |
| ६ | अत्यावश्यक सेवा ऐन विपरित काम गर्ने सार्वजनिक पदाधिकारीहरुलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याउने । | " " | गृह मन्त्रालय | " " | तत्काल |
| ७ | बाग्मती सफाई महाअभियानके तीन सयौं सप्ताह सफल बनाउन समन्वय र सहयोग गर्ने । | सहरी विकास मन्त्रालय | सबै मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालय/केन्द्र | " " | २०७५।१०।१९ गते |
| ८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको Online Monitoring System मा सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मासिक प्रगति चढाउने (Entry) र मूल्यांकन (Rating) गर्ने । | सबै मन्त्रालय/ सचिवालय/ आयोग/कार्यालय/केन्द्र | | " " | प्रत्येक महिनाको ७ गतेभित्र |
| ९ | हेलो सरकारवाट प्राप्त भएका उजुरीहरू समयमै फछ्र्यौट गर्ने । | " " | | " " | निरन्तर |

२०७५/१०/१८

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव